# स्टडी सर्कल

जिफन्टले शुरु गरेको पहिल्लो
ट्रेड यूनियन शैक्षिक अभियान



# स्टडी सर्कल

## जिफण्टले शुरू गरेको पछिल्लो ट्रेड यूनियन शैक्षिक अभियान

नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट)

**स्टडी सर्कल**

**जिफण्टले शुरू गरेको पछिल्लो ट्रेड यूनियन शैक्षिक अभियान**

**लेखक :**
विन्दा पाण्डे

**भाषा सम्पादन :**
कवीन्द्र शेखर रिमाल

**प्रकाशन : २०६० बैशाख (पहिलो)**

**प्रकाशक :**
नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट)
पुतली सडक, मनमोहन मजदुर भवन
फोन : ४२४८०७२
फ्याक्स : ४२४८०७३
इमेल : info@gefont.org
www.gefont.org

**प्रकाशन सहयोग**
लेफ्ट इन्टरनेशनल फोरम
(Left International Forum - Sweden)

**मूल्य : रू.१०/–**

**डिजाइन तथा मुद्रण व्यवस्थापन :**
एम्ज माउस
पुतलीसडक, ४२६५९४४

© Gefont 2003

**जिफन्ट प्रकाशन नं. : ६९**

ISBN: 99933-771-7-1

# स्टडी सर्कल

## जिफण्टले शुरू गरेको पछिल्लो ट्रेड यूनियन शैक्षिक अभियान

### स्टडी सर्कल के हो

स्टडी सर्कल श्रमिक शिक्षा संचालनको एउटा तरिका हो । यस तरिकाबाट शिक्षा संचालन गर्दा सहभागी र सहजकर्ता एउटै सर्कल (गोलो आकार) मा बसेर सहभागीको आवश्यकता अनुसार छानिएको विषयमाथि छलफल गरी अध्ययन गरिन्छ । गोलाकार रूपमा बसेर गरिने अध्ययन विधि भएकोले यसलाई स्टडी सर्कल भनिएको हो ।

यस विधिको शुरूवात ट्रेड यूनियन शिक्षा अभियानकै सिलसिलामा भएको हो । स्विडेनका ट्रेड यूनियन नेताहरूले आजभन्दा १०० वर्ष अगाडि यस विधिलाई प्रयोगमा ल्याएका हुन् । पूँजीपतिहरूको विभिन्न किसिमको माखे साङ्लोमा परेर पीडित स्विडिस मजदुरहरूलाई सचेत बनाउने र अधिकार प्राप्तिको आन्दोलनमा सामेल गराउने सन्दर्भमा प्रभावकारी तरिकाको खोजी गर्ने क्रममा यस विधिको शुरूवात भएको हो ।

### स्टडी सर्कलको सिद्धान्त

स्टडी सर्कलको मूल सिद्धान्त भनेको यसमा जुन विषयमा छलफल गरिन्छ, त्यसबारे सबैको एउटै बुझाइ र एउटै भाषा बनाउने र यसलाई आ-आफ्नो क्षेत्रमा तरंग झैं फैलाउनु हो । स्टडी सर्कलका हरेक सहभागीले आफूले जानेको कुरा कम्तीमा पनि अर्को एउटा समूह (८ देखि १२ जना) लाई जस्ताको तस्तै सिकाउन सक्नुपर्छ । र, सिंगो आन्दोलन नै एक ढिक्का भएर अगाडि बढ्न सक्नुपर्छ । स्टडी सर्कलको प्रभावकारिताको मूल्याङ्कन पनि सहभागीको बुझाइमा रहेको एकरूपता र तरंगमय फैलावटको आधारमा नै गरिन्छ ।

### स्टडी सर्कलको उद्देश्य

कारखाना वा कार्यालय, खेतवारी वा निर्माण थलो कुनै पनि ठाउँमा काम गर्ने श्रमिकहरूको बीचमा कार्य समयको अगाडि वा पछाडि वा बीचमा नै समय निकालेर यस किसिमको शिक्षा संचालन गरिन्छ । श्रमिकहरूले आफ्नो कार्यथलो, यूनियन, परिवार र समाजमा भोग्नु परिरहेको समस्याका बारेमा छलफल गर्ने र समस्या समाधानको लागि आपसमा नै सामूहिक प्रयास र पहल गर्न सक्षम बनाउने उद्देश्यसहित यस किसिमको शैक्षिक अभियान संचालन हुन थालेको हो ।

म्न अनुसारको उद्देश्यहरू

रहेका छन् :

- ट्रेड यूनियन आन्दोलनबारे जान्ने मानिसहरूको समूह तयार गर्ने
- सहभागीहरूमा आत्म-विश्वासको विकास गराउने र हरेक विषयको छलफलमा ढुक्कैसंग तर्क-संगत रूपमा बोल्न सक्ने बनाउने
- हरेक सहभागीलाई आफूले जानेको कुरा अरूलाई सिकाउन सक्ने बनाउने
- ट्रेड यूनियन विस्तारको कामलाई तरंग झैं व्यापक र फराकिलो रूपमा

- सहभागीहरूले नै आफ्नो आवश्यकताको विषय पहिचान गर्न सक्ने बनाउने। आफ्ना ठाउँमा आइपरेका समस्याहरूको समाधानको लागि आपसमा छलफल गरी सामूहिक पहल गर्ने क्षमताको विकास गर्ने

**स्टडी सर्कलको आचारसंहिता**

यो विधि सहभागीको आवश्यकता अनुसारको विषयमा केन्द्रित भएर तोकिएको समयमा योजनाबद्ध रूपले सरल र सहज वातावरणमा संचालन गरिने विधि हो। यसलाई अझ बढी उपयोगी र प्रभावकारी रूपमा संचालन गर्न यसका तीन वटा आचारसंहितालाई सधैं ध्यान दिनु पर्दछ।

- **समयलाई ध्यान दिने**- सहभागीहरूले कार्यक्रममा तोकिएको समयमा उपस्थित भई छलफल शुरू गर्नुपर्छ र तोकिएको समयमा नै छलफललाई अन्त्य पनि गर्नुपर्दछ। कुनै पनि बहानामा समयको लापरवाही हुनु हुँदैन।

- **समान सहभागिता**– छलफलमा समूहका सबै सहभागीले समान रूपमा भाग लिनुपर्छ। छलफलको विषय-वस्तुमाथि आफूले जानेका जति कुरा निर्धक्कसंग भन्नु पर्दछ र आफ्नो बुझाइमा कमी रहेछ भने पनि छलफलपछि त्यसलाई खुल्ला दिलले सच्याउनु पर्छ। यस काममा सबैले एक अर्कालाई सहृदयी रूपमा सहयोग गर्नुपर्दछ।

- **उद्देश्य प्राप्ति**– छलफलको लागि जुन विषय तोकिएको छ, त्यसै विषयमा केन्द्रित रहेर छलफल गर्नु पर्दछ। तोकिएको विषयमा छलफल गरेर जे कुरा गर्ने उद्देश्य राखिएको छ, त्यो प्राप्त गरेर मात्र अर्को विषय अगाडि बढाउनु पर्दछ।

माथिका तीन कुरालाई स्टडी सर्कलको तरिकाबाट शैक्षिक कार्यक्रमका सहजकर्ता र सहभागी सबैले आफ्नो आचरण बनाउनु पर्दछ।

## स्टडी सर्कलका विशेषताहरू

स्टडी सर्कल संचालनका आफ्नै विशेषताहरू छन् । ती विशेषताहरूमध्ये मुख्य मुख्य निम्न अनुसार छन् :

१. सहभागी संख्या ८ जनादेखि १२ जनासम्म रहने
२. हप्ताको एक दिन दुई घण्टा नियमित रूपमा छलफल गर्ने
३. आफूले जानेका र अनुभव गरेको आधारमा सम्बन्धित विषयमा सबैले पालैपालो बोल्ने र एकअर्काको कुरालाई ध्यानपूर्वक सुन्ने
४. समूहमा सहजकर्ताको भूमिका प्रशिक्षक वा शिक्षकको रूपमा होइन, असल सहयोगी, संगठक र कार्यक्रम व्यवस्थापकको रूपमा हुने
५. सहभागी बीच समान सोच, व्यवहार र विचारको विकास हुने
६. हरेक सहभागीको समान भूमिका र दायित्वको महसुस हुने हुँदा सामूहिकताको विकास हुने
७. कुराकानी र छलफलको माध्यमबाट विषय-वस्तुको विश्लेषण गरी सामूहिक निष्कर्षमा पुग्ने
८. आपसी छलफल, तर्क-वितर्क गर्ने बानी, बोल्ने कला र नेतृत्व क्षमताको विकास गर्दै यूनियनप्रति समर्पित कार्यकर्ता पंक्तिको विकास गर्ने
९. आत्मविश्वासमा वृद्धि गर्ने
१०. कम खर्च र छोटो समयमा धेरै विषय-वस्तुमा छलफल गरी यूनियन कार्यकर्ता बीच एउटै बुझाइ र व्यवहारमा विकास गर्न सकिने
११. सहभागीको आवश्यकता अनुसारको विषयमा छलफल गर्ने र समाधानका लागि आफै बीच पहल गर्ने बानीको विकास हुने
२१. नियमित छलफल हुने कारणले सहभागीको मानसिक कसरत हुने र अध्ययन गर्ने बानीको विकास हुने

## सत्र योजना

स्टडी सर्कल संचालन गर्दा प्रत्येक सत्रको योजना हुनुपर्दछ । पहिलो सत्रमा आउँदा सहभागीहरू बीच चिनजान नहुन पनि सक्छ । सामान्य चिनजान भए पनि व्यक्तिगत रूपमा धेरै कुराहरू एक अर्काको बारेमा थाहा नहुन सक्छ । स्टडी सर्कलमा रहने सहभागीहरूले एकअर्काको बारेमा अलि धेरै कुरा जानकार हुन सक्दा छलफलालाई बढी प्रभावकारी रूपमा संचालन गर्न सकिन्छ । त्यसैले पहिलो सत्र संचालन गर्दा निम्न अनुसार गतिविधिहरू गर्नु पर्दछ -

## सत्र संचालनका आठ पाइलाहरू

### पहिलो सत्र

१. **स्वागत** - सहजकर्ताले सबै सहभागीलाई स्वागत गर्दै कार्यक्रम शुरू गर्ने

२. **सहभागीको परिचय** - सबै सहभागी बीच परिचय गराउने । यसमा सकेसम्म आपसमा धेरै जानकारी दिन लगाउने (जस्तो नाम, ठेगाना, काम गर्ने ठाउँ, काम गरेको अवधि, यूनियनमा सम्पर्क र हालको जिम्मेवारी, सबैभन्दा जान्न चाहेको विषय, रुचि आदि), जसले गर्दा आपसमा छलफलको लागि वातावरण सहज र खुल्ला बनाउन सहयोग गरोस् ।

३. **विषय–वस्तुको प्रस्तुति** - पहिलो सत्रमा स्टडी सर्कलको आचारसंहिता र संचालन पद्धतिको बारेमा जानकारी दिने । यसै पद्धति अनुसार बाँकि सत्रहरू संचालन गर्ने बारेमा योजना बनाउने

४. **संक्षेपीकरण –** छलफलको संक्षेपीकरण गर्ने

५. **अर्को सत्रको विषय –** अर्को सत्रमा छलफल हुने विषय-वस्तु तय गर्ने र सबैलाई जानकारी गराउने

६. **अर्को सत्रको समय –** अर्को सत्रको लागि मिति, समय र स्थान तय गर्ने ।

७. **आचारसंहिता –** आचारसंहिताबारेमा पुनः एकपटक सम्झाउने

८. **धन्यवाद** - विनम्रतापूर्वक सबैलाई धन्यवाद दिंदै सत्र समाप्त गर्ने ।

### दोस्रो सत्रदेखिका पाइलाहरू

१. स्वागत गर्दै कार्यक्रम शुरू गर्ने

२. अघिल्लो सत्रमा छलफल भएका कुराहरूको पुनस्मरण गर्ने

३. तोकिएको विषय-वस्तुमाथि छलफल गर्ने

४. छलफल गरिएको कुराको संक्षेपीकरण गर्ने

५. अर्को सत्रमा छलफल हुने विषय-वस्तुको तय गर्ने र सबैलाई जानकारी गराउने

६. अर्को सत्रको लागि मिति, समय र स्थानको तय गर्ने ।

७. आचारसंहिताको बारेमा पुनः एकपटक स्मरण गर्ने

८. विनम्रतापूर्वक सबैलाई धन्यवाद दिंदै सत्र समाप्त गर्ने ।

## स्टडी सर्कल अभियानमा प्रयोग हुन सक्ने विधिहरू

स्टडी सर्कलको तरिकाबाट शैक्षिक कार्यक्रम संचालन गर्दा विभिन्न विधिहरूको प्रयोग गर्न सकिन्छ। यसो गर्दा कार्यक्रम बढी प्रभावकारी हुनुको साथै विधिको विविधताले गर्दा सहभागीहरूमा नयाँ कुरा सिक्ने उत्साह जाग्ने र सहजकर्ताको क्षमतामा विकास हुने, आत्म विश्वास बढ्ने र प्रतिबद्धतामा विकास पनि हुने ।

शैक्षिक अभियानको यस तरिकामा विषय-वस्तु र परिस्थितिको ठिक ढंगले मूल्याङ्कन गर्नुपर्छ र निम्न विधिहरूमध्ये बढी उपयुक्त र सम्भावना रहेको तरिकाबाट अगाडि बढ्न सकिन्छ। बिर्सनै नहुने कुरो के हो भने जुन विधिबाट सिक्ने सिकाउने काम गरे पनि यसको प्रक्रिया र आचारसंहिताको प्रयोग अनिवार्य गरिनुपर्छ।

### प्रयोग गर्न सकिने केही विधिहरू

- समूह छलफल
- अध्ययन भ्रमण
- प्रवचन
- नाटक (विषय-वस्तु आधारित रोल प्ले)
- घटनाहरूको विवरण
- वादविवाद
- समस्या पहिचान

## स्टडी सर्कलको लागि सहजकर्ता, विषय-वस्तु र सत्र व्यवस्थापन

### सहजकर्ता

स्टडी सर्कल संचालन गर्ने व्यक्तिको भूमिका शिक्षक वा प्रशिक्षकको जस्तो होइन, सहजकर्ताको हुन्छ। उनले आफ्नो कुरा भन्ने होइन सहभागीले जानेको आधारमा छलफल चलाउनु पर्दछ। छलफल गर्दा सहभागीलाई आफ्ना कुरा भन्न अप्ठेरो भयो भने त्यसलाई सहज बनाइ दिने काम गर्ने र सबैको कुरा सुनिसकेपछि मात्र अन्तिममा छलफलको निचोडलाई सरल भाषा र शैलीमा राख्नुपर्दछ।

### सहजकर्तामा हुनुपर्ने गुणहरू

- सहजकर्ता छलफल गरिने विषयमा सहभागीहरुभन्दा बढी जानकार हुनुपर्दछ।
- सहभागीहरूमा आफ्नो निर्णय लाद्ने होइन, सामूहिक निर्णयलाई मानेर हिंड्न सक्नुपर्छ।

- आफ्ना अनुभव, ज्ञान र विचारलाई सहभागीका बीच उनीहरू जस्तै भएर छलफल गर्न सक्नुपर्छ ।
- हरेक सहभागीको साथी र सहयोगी बन्नुपर्छ
- स्टडी सर्कललाई व्यवस्थित र संगठीत बनाउन सक्नु पर्छ ।
- छलफललाई विषय-वस्तुको सेरोफेरोमा केन्द्रित गर्न र बाँध्न सक्नुपर्छ ।

**अध्ययन सत्र**

स्टडी सर्कल कक्षा संचालनको समय र स्थान सहभागीको पायक पर्ने खालको हुनुपर्छ । सहभागी बीच छलफल गरेर उनीहरूको स्थितिलाई पनि ध्यान दिंदै सबैको सल्लाह अनुसार सामूहिक सहमतिमा यसको निर्णय गरिनुपर्छ । अध्ययन सत्र बनाउँदा निम्न कुरामा ध्यान दिनुपर्छ ।

- हरेक कक्षामा उही सहभागी नियमित उपस्थित हुनुपर्छ ।
- सहभागीहरू खुशीसाथ छलफलमा आउने र बस्ने वातावरण बनाउनु पर्छ । जवरजस्ती कसैलाई सहभागी गराउने तरिका ठिक होइन ।
- छलफल गर्दा सबैले सबैलाई देख्न र सुन्न सक्ने किसिमले बस्नुपर्छ । सबै सहभागीले समान रूपमा छलफलमा भाग लिन सक्ने खालको सहज वातावरण बनाउनु पर्दछ ।
- कक्षा संचालन गर्ने समय र स्थान सहभागी बीच छलफल गरेर सबैको सल्लाहमा तय गरिनुपर्छ ।

**पाठ्य सामग्री र विषय-वस्तुको चयन**

- पाठ्य सामग्रीको छनौट सहभागीको आवश्यकता अनुसारको हुनुपर्दछ ।
- छलफलको विषय-वस्तु स्थानीय आवश्यकता अनुसार सहभागीद्वारा निर्णय गरिनु पर्छ ।
- शैक्षिक सामग्रीको प्रकाशन तथा उत्पादन आफ्नो सदस्यको आवश्यकता अनुसार यूनियनले गर्नुपर्छ ।

**छलफलको लागि सत्र योजनाको तयारी**

हरेक सहजकर्ताले छलफलमा जानुभन्दा पहिला त्यस दिन छलफल गरिने विषय-वस्तुको बारेमा अध्ययन गरेर जानु पर्छ । छलफल कसरी संचालन गर्ने भन्ने बारेमा योजना बनाउनु पर्छ । सहजकर्ताले गर्नुपर्ने तयारी मध्येको यो एउटा महत्त्वपूर्ण पक्ष हो । यस कुरामा चुकियो भने सिंगो स्टडी सर्कल नै प्रभावकारी र सफल हुन

सक्दैन । त्यसैले छलफलको लागि सत्र योजना बनाउँदा निम्न कुरामा ध्यान पुऱ्याउनु पर्दछ ।

- छलफलको मूल विषय अन्तर्गत मुख्य-मुख्य बुँदाहरूको पहिचान गर्ने
- पहिचान गरिएको बुँदाहरूमाथि छलफल गर्ने क्रम निर्धारण गर्ने
- हरेक बुँदामा छलफलमा उठाउने कुराहरूको सूची तयार गर्ने
- मूल विषयमा छलफल गर्न लाग्ने समय वा दिन निर्धारण गरी विषय-वस्तु बाँड्ने
- प्रयोग गरिने विधिहरूको बारेमा सहजकर्ताले आफूमा स्पष्ट जानकारी राख्ने

**उदाहरण – १ मूल विषय – ट्रेड यूनियनको आधारभूत ज्ञान**
(लाग्ने समय जम्मा पाँच दिन)

| **उप शीर्षकहरु** | **प्रयोग हुने विधि** | **छलफलको लागि लाग्ने दिन वा समय** |
|---|---|---|
| ट्रेड यूनियन के हो ? | छलफल | पहिलो दिन |
| ट्रेड यूनियनको प्रकार | अंचल कार्यालय | |
| | भ्रमण र छलफल | दोस्रो दिन |
| ट्रेड यूनियनको दर्ता प्रक्रिया | छलफल | तेस्रो दिन |
| ट्रेड यूनियनको अधिकार | छलफल | चौथो दिन |
| | छलफल | पाँचौ दिन |

**उदाहरण – २ मूल विषय – मुलकी ऐनले महिलालाई दिएको अधिकारहरु**
(लाग्ने समय जम्मा ६ दिन)

| **उप शीर्षकहरु** | **प्रयोग हुने विधि** | **छलफलको सत्र** |
|---|---|---|
| मुलुकी ऐन, एघारौं संशोधन र यसका मूल विषयहरू? | कानुनविदबाट प्रवचन र छलफल | पहिलो दिन |
| सम्पत्ति सम्बन्धी अधिकार | छलफल | दोस्रो दिन |
| विवाह र सम्बन्ध विच्छेद | घटना आधारित छलफल | तेस्रो दिन |
| गर्भपतन सम्बन्धी व्यवस्था | छलफल | चौथो दिन |
| जवरजस्ती करणी | छलफल | पाँचौ दिन |
| सिंगो विषयको पुनस्मरण | छलफल | छैटौं दिन |

नेपाल ट्रेड यूनियन महासंघले २०५९ सालबाट ट्रेड यूनियन शैक्षिक अभियानलाई स्टडी सर्कल विधि मार्फत आफ्नो शैक्षिक गतिविधिलाई संचालन गरेको छ। गत भाद्र २०५९ बाट चैत्र महिनासम्म यसलाई जिफण्टका पाँच वटा घटक यूनियनका १०० वटा प्रतिष्ठानमा लक्षित गरेर यस अभियानलाई परीक्षणकालको रूपमा संचालन गरिएको थियो। यस अभियान अन्तर्गत गरिएको गतिविधिहरूलाई संक्षिप्त रूपमा तल उल्लेख गरिएको छ।

**प्रशिक्षक तालिम**

यूनियन आन्दोलन भित्र नयाँ विधिद्वारा शैक्षिक अभियान शुरू गर्न यस विधिबारे भाद्र २–६, २०५९ मा पाँच दिन लामो प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो। यस कार्यक्रममा प्रशिक्षकको रूपमा ग्लोवल यूनियन फेडरेसन-इन्टरनेसनल फेडरेसन अफ बिल्डिङ एण्ड उड वर्कर्स (आइएफबिडब्लुडब्लु) को दक्षिण एसियाली शिक्षा विभाग प्रमुख ए एम गफारले सहयोग गर्नु भएको थियो।

**कार्यक्रमका सहभागीहरु**

| | |
|---|---|
| ललित बस्नेत | केशव दुवाडी |
| हरिदत्त जोशी | विष्णु लम्साल |
| बिना श्रेष्ठ | सिता लामा |
| बुद्धि आचार्य | सिद्धि उप्रेती |
| बिन्दा पाण्डे | मिरा बस्नेत |
| बिदुर कार्की | पेम्बा लामा |
| त्रिविक्रम ज्ञवाली | जितेन्द्र जोंछें |

स्टडी सर्कल विधिको उत्पत्ति र यसको प्रभावको ऐतिहासिक पृष्ठभूमि, आचारसंहिता र विशेषताको बारेमा छलफल गर्दै शुरू गरिएको उक्त पाँच दिने प्रशिक्षण कार्यक्रमको अधिकांश समय यसका विधिगत पक्षलाई व्यवहारिक रूपमा सिक्ने सिकाउने काममा लगाइएको थियो।

**स्टडी सर्कल संचालन भएका क्षेत्रहरू**

परीक्षण कालको रूपमा संचालित यस कार्यक्रमलाई महिला केन्द्रित रूपमा संचालन गर्ने प्रयत्न गरिएको थियो। जस अनुसार सम्भव भएसम्म सहजकर्ताको रूपमा पनि महिलालाई नै तालिम दिने र सहभागी पनि कम्तीमा ७५ प्रतिशत महिला र २५ प्रतिशत मात्र पुरुष राख्ने योजना बनाइयो। यसरी महिला केन्द्रित कार्यक्रमको रूपमा संचालन गर्न लागिएको यस कार्यक्रमको लागि महिला श्रमिकको बाहुल्यता रहेको नेपाल स्वतन्त्र कार्पेट मजदुर यूनियन र नेपाल स्वतन्त्र चिया मजदुर यूनियनको चयन गरियो। त्यस्तै महिलाको बाहुल्यता नरहे पनि महिलाको उल्लेख्य सहभागिता रहेको क्षेत्र नेपाल स्वतन्त्र होटल मजदुर यूनियन, नेपाल स्वतन्त्र टेक्सटाइल–गार्मेण्ट मजदुर यूनियन र नेपाल स्वतन्त्र खाद्य तथा पेय मजदुर

यूनियनलाई चयन गरिएको थियो । पाँचै वटा यूनियन अन्तर्गतका क्षेत्रबाट चयन गरिएका प्रतिष्ठानहरूको विवरण अनुसूचीमा उल्लेख गरिएको छ ।

**स्टडी सर्कल संचालनको अवस्था**

| | नेस्वटेगामय् | नेस्वहोमय् | नेस्वकामय् | नेस्विचमय् | नेस्वछापेमय् | जम्मा |
|---|---|---|---|---|---|---|
| लक्षित कारखाना | २५ | २० | २५ | २५ | २५ | १२० |
| कक्षा शुरू गरिएको कारखानाको संख्या | २२ | १० | २३ | १७ | २० | ८९ |
| संचालन भएको कारखाना संख्या | १२ | ९ | १९ | १७ | १७ | ७४ |

परीक्षणको रूपमा पाँच वटा कार्यक्षेत्र अन्तर्गत जम्मा १२० वटा प्रतिष्ठानमा स्टडी सर्कल संचालन गर्ने योजना रहेको थियो । त्यसमा जम्मा ८९ वटा प्रतिष्ठानमा मात्र कक्षा संचालन हुन सक्यो । कक्षा संचालन भएका प्रतिष्ठानमध्ये पनि ७४ वटामा मात्र कक्षाहरु उपलब्धिमूलक रूपमा संचालन भयो । यस संख्यामा तीन वटाभन्दा कम कक्षाहरू संचालन भएर बन्द भएका प्रतिष्ठानलाई गणना गरिएको छैन । योजना अनुसार कार्यक्रम संचालन हुन नसक्नुका पछाडि देशमा रहेको राजनीतिक अस्थिरताको कारण कारखानाहरू बन्द हुनु, काममा अनियमितता हुनु जस्ता कारणहरू प्रमुख रहेका छन् । पर्यटन क्षेत्रमा आएको व्यापक कटौतीले धेरै होटलहरू आंशिक रूपमा मात्र संचालन हुनुले सबैभन्दा बढी प्रभाव यस क्षेत्रमा पर्न गयो ।

**सहजकर्ता तालिम**

| सहजकर्ता तालिमका सहभागीहरू | नेस्वटेगामय् | नेस्वहोमय् | नेस्वकामय् | नेस्विचमय् | नेस्वछापेमय् | जम्मा |
|---|---|---|---|---|---|---|
| जम्मा | २९ | २३ | २८ | २८ | ३० | १३८ |
| महिला | २० | १२ | २० | २३ | १७ | ९२ |
| पुरुष | ९ | ११ | ८ | ५ | १३ | ४६ |
| कक्षा संचालन गर्ने सहजकर्ता संख्या | | | | | | |
| जम्मा | १२ | ९ | १९ | २१ | १७ | ७८ |
| महिला | ९ | ४ | ११ | १७ | १० | ५१ |
| पुरुष | ३ | ५ | ८ | ४ | ७ | २७ |

जम्मा १२० वटा प्रतिष्ठानमा कक्षा संचालन गर्ने योजना रहे पनि नयाँ विधिबारे थप साथीहरूलाई प्रशिक्षित गर्ने, कार्यक्रम संचालनमा सहयोगीको भूमिका निर्वाह गर्ने र अनुगमनमा सहयोग गर्ने कुरालाई ध्यानमा राखी जम्मा १३८ जनालाई सहजकर्ता तालिममा सहभागी गराइयो। यो सिंगो कार्यक्रम महिला केन्द्रित हुँदा हुँदै पनि यूनियनमा पुरुषहरूको बाहुल्यता रहेको र कार्यक्रम संचालनमा उनीहरूको सहयोग अनिवार्य हुने कुरालाई महसुस गरी ९२ जना महिला र ४६ जना पुरुषलाई सहजकर्ता प्रशिक्षणमा सहभागी गराइएको थियो। जसमध्ये ५१ जना महिला र २७ जना पुरुष सहजकर्ताले मात्र कक्षा संचालन गर्नुभएको छ।

**स्टडी सर्कल कक्षा संचालनको अवस्था**

| स्टडी सर्कलमा सहभागिताको अवस्था | नेस्वटगामयु | नेस्वहोमयु | नेस्वकामयु | नेस्विगमयु | नेस्वखापमयु | जम्मा |
|---|---|---|---|---|---|---|
| जम्मा सहभागी संख्या | ११२ | ५८ | १८२ | १६० | १६९ | ६८१ |
| महिला | ६९ | २० | १५४ | ११७ | ६९ | ४२९ |
| पुरुष | ४३ | ३८ | २८ | ४३ | १०० | २५२ |

कार्यक्रमको शुरू गर्दा करिव १००० जना सहभागीको बीचमा यस अभियान संचालन गर्ने सोच रहेको भए तापनि कार्यान्वयनमा जाँदा ४२९ जना महिला र २५२ जना पुरुष गरी जम्मा ६८१ जना श्रमिकको बीचमा यस अभियानलाई पुऱ्याउन सम्भव भएको छ। संचालन गरिएका कक्षा र सहभागिताको संख्या हेर्दा अन्य क्षेत्रमा ठिकै अवस्था रहेको छ। होटल क्षेत्रमा भने कक्षाको अनुपातमा सहभागी संख्या न्यून रहेको छ। त्यसमध्ये पनि महिला सहभागिताको संख्या अझै कम छ। खाद्य पेय क्षेत्रमा सहभागीको सिंगो संख्या ठीकै रहे पनि महिलाको संख्या न्यून रहेकोले आगामि दिनमा यसबारे ध्यान दिनु जरुरी देखिन्छ।

**स्टडी सर्कल कक्षा संचालनको व्यवस्थापन कमिटी**

परीक्षण कामको रूपमा संचालन गरिएको यस स्टडी सर्कल अभियानलाई संयोजन गर्नको लागि एउटा नौ सदस्यीय कमिटी बनाइएको थियो। यस कमिटीले स्टडी सर्कलको लागि सहजकर्ता तालिम दिने, कक्षा संचालनको अनुगमन गर्ने र समस्या परेको ठाउँमा छलफल गरी त्यसलाई सुधार गर्दै कार्यक्रमबाट सकेसम्म बढी उद्देश्य प्राप्ति गर्ने दिशामा योजना बनाई कार्यान्वयन गर्ने काम गरेको थियो। यसै कार्यक्रम संचालनको ६ महिनाको बीचमा हरेक क्षेत्रका सहजकर्ता बीच कम्तीका एक पटक भेटघाट गरी उनीहरूको अनुभव सुन्ने र नयाँ विषयमा छलफल गर्नको लागि पुनर्ताजगी तालिम दिने काम पनि गरिएको छ।

| **स्टडी सर्कल अभियान संयोजन कमिटी** | |
|---|---|
| कार्यक्रम संयोजक | बिन्दा पाण्डे |
| क्षेत्रगत सह-संयोजक | केशव दुवाडी, नेस्वटेगामयू |
| ,, | विष्णु लम्साल, नेस्वहोमयू |
| | सिता लामा, नेस्वकामयू |
| | सिद्धि उप्रेती, नेस्वखापेमयू |
| | मिरा बस्नेत , नेस्वचिमयू |
| जिफण्टको तर्फवाट | हरिदत्त जोशी, प्रमुख श्रम सम्बन्ध विभाग |
| | बिना श्रेष्ठ, प्रमुख केममवि |

**स्टडी सर्कल कक्षा संचालन र छलफल गरिएका विषय-वस्तुहरू**

यस अवधिमा कम्तीमा पनि १६ देखि २० वटा कक्षाहरू संचालन गर्ने योजना रहेको थियो । तर कक्षा संचालनको स्थितिलाई हेर्दा अधिकांश ठाउँमा १० देखि १५ वटा कक्षा संचालन गरिएको पाइयो भने बढीमा २२ वटासम्म पनि कक्षा संचालन हुन पुगे । तीन वटा भन्दा कम कक्षा संचालन भएका प्रतिष्ठानहरूलाई कक्षा संचालन नभएको रूपमा लिइएको छ ।

यी कक्षाहरूमा मूल रूपमा तीन वटा विषयहरू ट्रेड यूनियनको आधारभूत ज्ञान, श्रम ऐन र मुलुकी ऐनले महिलालाई दिएका थप अधिकारको बारेमा छलफल गर्ने योजना रहेको थियो । यी मध्ये अधिकांश ठाउँमा ट्रेड यूनियनको आधारभूत ज्ञानको विषयमा छलफल सकिएको छ भने धेरैजसो ठाउँमा मुलुकी ऐनको एघारौं संशोधनले महिलालाई दिएका थप अधिकारको बारेमा पनि छलफल गरिसकेका छन् । श्रम कानुनबारे केही ठाउँमा मात्र छलफल शुरू गरेको पाइयो ।

## परीक्षणका रूपमा स्टडी सर्कल अभियान : प्रभावकारिताको मूल्यांकन र निचोड

### राष्ट्रिय मूल्यांकन कार्यक्रम र यसले निकालेका निष्कर्ष

परीक्षणको रूपमा संचालन गरिएको स्टडी सर्कल अभियानको राष्ट्रिय मूल्याङ्कन कार्यक्रम यही चैत्र १५, २०५९ मा सम्पन्न भयो । कार्यक्रम संचालन गरिएको पाँच वटै यूनियन र थप दुई वटा केमिकल आइरन र सफाई यूनियन समेतका सहजकर्ता बीच सम्पन्न यस कार्यक्रम विगत ६ महिना कक्षा संचालनका क्रममा प्राप्त उपलब्धि र भोलिएका समस्याबारे छलफल गर्दै आगामि दिनको लागि अपनाउनु पर्ने सतर्कताको बारे सुभावहरू संकलन गरिएको थियो । जसको विस्तृत विवरण निम्न अनुसार छ ।

**उपलब्धिहरू**

- यूनियनको सन्दर्भमा
    - ट्रेड यूनियनको आधारभूत कुराबारे जानकारी हुनु
    - सहभागीमा यूनियनप्रति आकर्षण बढ्नु
    - यूनियनको सदस्य वृद्धि हुनु
    - यूनियनको नेता कार्यकर्ताको क्षमता वृद्धि हुनु
    - यूनियन नवीकरण गर्न सहज हुनु
    - सदस्यता शुल्क नियमित उठाउन सहयोग पुग्नु
    - यूनियन संचालनमा सहयोग हुनु
- सहभागीहरूको व्यक्तिगत सन्दर्भमा
    - सहभागी र सहजकर्ता दुवैमा सिक्ने र सिकाउने भावनाको विकास हुनु
    - आफूलाई लागेको कुरा अभिव्यक्त गर्ने र अन्य काम गर्न आत्मबल बढ्नु
    - चेतना वृद्धि हुनु
    - संगठित हुँदा शक्ति हुन्छ भन्ने ज्ञानमा वृद्धि हुनु
    - सामूहिक रूपमा सिक्ने र सिकाउने बानीको विकास हुनु
    - बोल्ने क्षमता र कलाको विकास हुनु

**विधि र शैक्षिक सामग्री**

- समग्रमा शिक्षण विधि प्रभावकारी रहेको
- शैक्षिक सामग्री
    - पाठ्य पुस्तक आवश्यकता अनुसार प्राप्त हुन नसक्नु

- किताबमा कतिपय शब्दहरू गाह्रो हुनु
- अक्षर साना र चित्रहरू कम हुनु
- फ्लिप चार्टको सानो पुस्तक र कानुन सम्बन्धी कार्टुन किताब बढी उपयोगी रहनु
- श्रम कानुन बुझ्न सहजकर्ता आफैलाई गाह्रो हुनु

**समस्याहरू**

- समय र स्थान
  - समयको तालमेल मिलाउन नसक्नु
  - साप्ताहिक रूपमा नियमित समय मिलाउन नसक्नु
  - सहभागी बीच ड्यूटी सिफ्ट परिवर्तन भइरहनु
  - अनिवार्य ओभर टाइम र लामो कार्य समय हुनु
  - कतिपय ठाउँमा बसेर छलफल गर्न सबैलाई पायक पर्ने स्थानको अभाव हुनु
- सहभागी
  - पढाइ सिकाइ प्रति चासो कम हुनु
  - सहभागी बीच चेतनास्तर बरावर नहुनु
  - लेखपढ गर्न नजान्ने सहभागी
  - महिला सहभागीलाई घरपरिवारबाट असहयोग र अविभावकबाट अवरोध खडा हुनु
  - हिनतावोध हुनु
  - आफूसंगै काम गर्नेले पढाउने हुँदा हेलचेक्र्याई गर्नु र कम विश्वास गर्नु
- स्टडी सर्कलको आचार संहिता लागू नहुनु
- समन्वय र सहयोग
  - स्थानीय यूनियनका जिम्मेवारहरू यस कार्यक्रमबाट अलग रहँदा सहजकर्तालाई सहभागीले नटेर्नु
  - यूनियनबाट आवश्यक समन्वय र सहयोग नहुनु
  - स्थानीय यूनियन र सम्बन्धित घटक यूनियनमा यस विषयमा आवश्यक छलफल र समन्वय हुन नसक्नु
  - जिफण्ट अंचल कमिटी, महिला विभाग र शिक्षा विभागका सदस्यहरूलाई यस कार्यक्रमबारे आवश्यक जानकारी नहुनु
- सहजकर्ता
  - छलफल गरिने विषय-वस्तुको बारेमा आफै स्पष्ट नहुनु
  - दोहोरो जिम्मेवारी (यूनियन र सहजकर्ता)
  - सहजकर्ता र सहभागीको पदीय दायित्व नमिल्नाले उत्पन्न समस्या

- o सहजकर्ता आफै निरक्षर हुनु
- o सहजकर्ता सधैं एउटै हुँदा कक्षा निरास हुनु
- o समय समयमा पुनर्ताजकीकरण तालिमहरू हुन नसक्नु

**समस्या समाधानका लागि सुझावहरू** (**कसले के गर्ने**)

सहजकर्ता

- साथीहरूलाई सम्झाई बुझाई गर्ने र सहभागी हुन प्रेरित गर्ने
- सहभागीलाई कक्षामा समान सहभागिताको लागि प्रेरित गर्ने
- समय र स्थान मिलाउने
- साक्षर र निरक्षरको बीच छुट्टाछुट्टै कक्षा संचालन गर्ने
- यूनियनसंग समन्वय र सहयोगको लागि आवश्यक पहल गर्ने
- अप्ठेरो परेका कुराहरूमा तुरुन्तै आफ्नो यूनियन वा जिफण्ट र कार्यक्रम संयोजकसंग छलफल गरी समाधानको खोजी गर्ने

स्थानीय र सम्बन्धित यूनियन

- कार्यक्रमको लागि समय र स्थान मिलाउन सहयोग गर्ने
- सहभागी चयन गर्ने र नियमित कक्षामा सहभागी गराउन सहयोग गर्ने
- स्थानीय तहमा कामको समन्वय गरी कार्यक्रमलाई उपलब्धिमूलक र प्रभावकारी बनाउन सहयोग गर्ने
- समय-समयमा निरिक्षण गर्ने र सहभागी बीच मूल्याङ्कन गर्ने
- सहजकर्तालाई विषय-वस्तुमा समस्या पर्दा सहयोग गर्ने
- आवश्यक स्टेसनरीको व्यवस्था मिलाउने
- यस कार्यक्रमको सफलता र असफताको पूर्ण रूपमा जिम्मेवारी लिंदै केन्द्रबाट आएका निर्देशनहरू लागू गर्ने, गराउने

महासंघ

- सहजकर्ता
    - o स्टडी सर्कलबारे पूर्ण जानकारी दिनुपर्ने
    - o आवश्यक पुनर्ताजकी तालिम दिने र आवश्यक निर्देशन हुनुपर्ने
- समय-समयमा अनुगमन, निरिक्षण र मूल्याङ्कन गर्ने
- निम्न अनुसार शैक्षिक सामग्री उपलब्ध गराउने
    - o सामग्री सबै सहभागीलाई पुग्ने परिमाणमा हुनुपर्ने
    - o सामग्रीहरू बुझ्न र बुझाउन सरल र सहज हुनुपर्ने
    - o सकेसम्म सरल शब्दको प्रयोग गर्ने र कठिन शब्दको अर्थ सम्बन्धित पुस्तकमा नै राख्नु पर्ने
    - o चित्रहरू बढी प्रयोग गरिनु पर्ने र अक्षरहरू ठुलो हुनु पर्ने

- o चित्रकथा भए बढी प्रभावकारी र राम्रो हुने
- o कतिपय विषयमा पोस्टरहरू भए सजिलो हुने
- o श्रम कानुन सम्बन्धी सामग्री सरल हुनु पर्ने
- o ब्ल्याकबोर्ड उपलब्ध भए छलफल चलाउन सजिलो हुने
- o सहभागीलाई कापी कलमको व्यवस्था हुनु पर्ने
- o आफ्नो यूनियनको इतिहास र सिंगो ट्रेड यूनियन आन्दोलनको इतिहास पनि कोर्समा समावेस गरिनु पर्ने

- साक्षरता ⁄प्रौढ शिक्षाको व्यवस्था मिलाउनु पर्ने
- सहजकर्ता बीच समय-समयमा अनुभव आदानप्रदानको व्यवस्था मिलाउनु पर्ने

**आगामि दिनमा कार्यक्रम संचालन गर्दा ध्यान दिनु पर्ने कुराहरू**

राष्ट्रिय मूल्याङ्कन कार्यक्रममा सहजकर्ता बीचको मूल्याङ्कनबाट प्राप्त प्रतिवेदनको आधारमा आगामि दिनमा कार्यक्रम संचालनको सम्भावना र प्रभावकारितालाई ध्यानमा राख्दै स्टडी सर्कल संचालन टिम र जिफण्ट शिक्षा विभागका बीच चैत्र १६ गते महासंघको कार्यालयमा पुनः छलफल गरियो । उक्त छलफलले निकालेका निचोडहरू यस प्रकार छन् ।

**तालिम**

सहजकर्ताहरू जसले कक्षा संचालन गरिरहेका छन् उनीहरूलाई अझै सक्षम र प्रभावकारी बनाउनका लागि ध्यान दिनु पर्ने कुराहरू

- सहजकर्ताहरूमा पूर्ण रूपले भर पर्न सक्ने अवस्था बनेको छैन । त्यसैले उनीहरूलाई थप तालिम दिनु पर्दछ र उनीहरूलाई स्टडी सर्कल विधिको ्ग पारिनु पर्दछ ।
- कतिपय सहजकर्ताहरू जिम्मेवारीप्रति पूर्ण रूपमा गम्भीर हुन सकेका छैनन् । उनीहरूको भूमिकाको महत्त्व बुझाउँदै उनीहरूलाई जिम्मेवारीप्रति गम्भीर बनाउनु पर्दछ ।
- सहजकर्ता चयन गर्दा कम्तीमा लेखपढ गर्न सक्ने र भएका मध्येमा सक्षमलाई चयन गरिनु पर्दछ ।
- महिला केन्द्रित कार्यक्रममा महिला सहजकर्ता अनिवार्य गरिनु पर्दछ। अन्यत्र पनि महिला पुरुषको अनुपात मिलाउने कुरालाई उच्च प्राथमिकता दिनु पर्दछ ।

**समन्वय र सहयोग**

सहजकर्ता, यूनियन र महासंघको बीचमा आवश्यक समन्वय र सहयोगको समस्या समाधानका लागि निम्न कुराहरूमा ध्यान दिनु पर्दछ :

- यस कार्यक्रमबारे कम्तीमा पनि जिफण्ट राष्ट्रिय कमिटी सदस्य, अंचल कमिटी, महिला विभाग र शिक्षा विभागका सदस्यहरू जानकार हुनै पर्दछ ।
- कार्यक्रम संचालन गरिएका क्षेत्रका केन्द्रीय र स्थानीय यूनियनका सदस्यहरू यसबारे जानकार हुनुपर्दछ ।
- स्टडी सर्कल संचालन गरिएका यूनियनहरूमा यो विषय बैठकको अनिवार्य एजेण्डा बन्नुपर्दछ र सर्कुलर मार्फत आफ्ना मातहत कमिटीमा निर्देशन दिनु पर्दछ ।
- कार्यक्रमको अनुगमन, निरिक्षण र पुनर्ताजगी तालिमको लागि तोकिएका संयोजक र यूनियन बाहेक जिफण्टको सम्बन्धित अंचल कमिटी र महिला विभागको एक-एक जना सदस्यलाई पनि यस विधिबारे जानकारी हुनुपर्दछ ।

**सहभागी चयन**

सहभागी चयन गर्दा ध्यान दिनु पर्ने कुराहरू

- सहभागी बीच सकेसम्म स्तर मिलाउनु पर्ने । फरक स्तर भएकाको लागि विषय-वस्तुको तह पनि फरक हुनुपर्ने
- सहभागी स्तर निर्धारण गर्दा चेतनास्तर, जिम्मेवारी, रुचि, लिंग र आवश्यकता जस्ता विषयमा ध्यान दिनु पर्ने ।
- महिला केन्द्रित कार्यक्रममा कम्तीमा ५० प्रतिशत महिला हुनैपर्दछ । त्यस्तो अवस्था नरहेको ठाउँमा फरक ढंगले कार्यक्रम संचालन गरिनु पर्दछ ।

## परीक्षणका रूपमा कार्यक्रम संचालन

# यूनियन अन्तर्गत सहभागीहरूको क्षेत्रगत मूल्यांकन

नेपाली श्रमिक समुदाय बीच एउटा नयाँ शैक्षिक विधिको रूपमा स्टडी सर्कल संचालन गरिएकोले यस विधिबारे कक्षामा सहभागी हुने सहभागीहरू र कक्षा संचालनमा सहयोग गर्ने सहजकर्ताहरूले कस्तो महसुस गरेका छन् ? काम गर्ने सिलसिलामा के कस्ता समस्याहरू आइ परे र आगामि दिनमा यसलाई अझै प्रभावकारी र उपलब्धिमूलक बनाउन के कसरी अगाडि जानु पर्ला भन्ने विषयमा छलफल गर्न पाँचै वटा क्षेत्रमा सहभागीहरू र सहजकर्ताहरू बीच एक एक दिने मूल्याङ्कन कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रमबाट प्राप्त सुझावहरू निम्न अनुसार रहेको छ ।

## १. नेपाल स्वतन्त्र कार्पेट मजदुर यूनियन

कार्पेट क्षेत्रका स्टडी सर्कलका सहभागीहरूको अनुभवमा चेतना अभिवृद्धिको यस तरिका ज्यादै उपयुक्त रह्यो, जुन बुझ्न र बुझाउन सजिलो रह्यो । यसका उपलब्धि, कमजोरी र सुझावहरू निम्न अनुसार रहेका छन् ।

**उपलब्धिहरू**

- सहभागीमा रहेको लजाउने र डराउने स्वभाव हटेर समूहमा बोल्न सक्ने भएका छन् ।
- यूनियन सम्बन्धी धेरै कुराहरू बुझ्न र यूनियन संचालनमा सहयोग पुगेको छ ।
- सहभागी र सहजकर्ता दुवैको आत्मावल बढेको छ ।
- हप्तामा एक दिन भए पनि ट्रेड यूनियन सम्बन्धी छलफल गर्ने भएकोले पढ्ने बानीको विकास भएको छ ।

**कमजोरीहरू**

- सहजकर्ताहरू मध्ये केहीलाई कक्षा भन्दा बाहिरका मजदुरहरूले हतोत्साहन गर्ने प्रयत्न गरेको र कतिपय सहभागीहरूमा हेलचेक्राइको स्थिति रहेको पाइयो ।
- सहजकर्ताहरूमध्ये केहीले शैक्षिक सामग्रीमा रहेको कठिन शब्दहरू नबुझ्दा छलफल गर्न अप्ठेरो पर्‍यो भने कतिपय विषयमा उठेका प्रश्नहरूको जवाफ दिन नसक्दा समस्या रह्यो ।
- केही सहभागीहरूलाई सन्दर्भ सामग्री उपलब्ध गराउन नसक्दा समस्या रह्यो ।
- सहभागीहरू नियमित रूपमा उपस्थित नहुने र केही सहभागीहरू हेरफेर भइरहने हुँदा समस्या रह्यो ।

- पुनस्मरण गराउँदा महिला सहभागीहरूलाई विगतको कुरा सम्झन बढी समय लाग्ने र सम्झनै गाह्रो पर्ने पाइयो ।
- कानुनी शब्दहरू गाह्रो भएकोले बुझ्न र बुझाउन कठिन भएको छ ।
- कार्यक्रममा सहभागी हुन जाँदा महिला सहभागीहरूलाई श्रीमान⁄अभिभावकले अवरोध खडा गर्ने र कुटपिटसम्म गर्ने गरिएको पाइयो ।

**यूनियनले मलाई जे सिकायो, त्यसको मैले उपयोग गर्न पाउँ**

माया मोक्तान कार्पेट कारखानामा काम गर्ने मजदुर हुन् । उनी स्टडी सर्कल अभियानमा सहभागी भइन् । उनले यस अभियानमा सहभागी भएपछि मात्रै यूनियन बुझ्न थालेकी हुन् र आज यूनियनको प्रतिबद्ध कार्यकर्ता बनेकी छिन् ।

स्टडी सर्कलबारे आफ्नो अनुभव सुनाउँदै माया भन्छिन्, यतिका वर्षसम्म पनि हामीलाई अर्काको अगाडि आफ्नो नाम भन्न समेत लाज लाग्थ्यो । हाम्रो कारखानामा स्टडी सर्कल अभियान संचालन हुने भए पछि हामीलाई यूनियनका साथीहरूले कक्षामा बस्न अनुरोध गरे, शुरूमा यो उमेरमा पढेर के हुन्छ र ? भनेर हामीले मानेनौं । साथीहरुले धेरै सम्झाएपछि लौ त हुन्छ भनेर कक्षामा बस्न थाल्यौं । त्यहाँ त धेरै कुरामा छलफल हुँदो रहेछ । जस्तै- यूनियन, मजदुरको अधिकार, महिलाको अधिकार आदि । यहाँ पढाउने मात्रै होइन रहेछ, आफूले जानेको कुरा बोल्न पनि पर्ने रहेछ । मैले पनि विस्तारै बेल्न थालें । शुरुमा असाध्यै डर लाग्थ्यो, पछि विस्तारै बानी पर्‍यो । अहिले यूनियनबारे आफूले बुझेको कुरा दुई चार जनालाई भन्न र बुझ्न सक्ने भएको छु र यूनियनको सदस्य भएर काम गर्दैछु । यसले मेरो मनोवल बढाएको छ र जिम्मेवार महसुस हुन्छ ।"

शान्ती सुब्वाको कथा अर्कै छ । उनी पहिलादेखि यूनियनको सदस्य त थिइन्, तर बोल्न असाध्यै लजाउँथिन् । पछि उनलाई स्टडी सर्कलको सहजकर्ताको तालिम दिइयो । जसोतसो कक्षा चलाउन थालिन् । कक्षा चलाउन थालेपछि क्रमशः उनको बोल्ने बानीको विकास भयो, दुई महिना कक्षा संचालन गरेपछि घरायसी कामले उनीलाई आफ्नो घर मोरङमा जानु पर्‍यो । हामीलाई लागेको थियो उनीमाथि यूनियनले गरेको लगानी खेर जाने भयो । तर घर गएको केही समयपछि उनको पत्र आयो, "मैले स्टडी सर्कल चलाउने तालिम त लिएँ तर त्यो क्षमतालाई प्रयोग गर्न पाइन । मलाई युनियनले जे दियो, यूनियनले मलाई जे सिकायो, त्यसप्रति म आभारी छु । अहिले म कृषि मजदुर भएकी छु । मलाई त्यसै क्षेत्रको यूनियनमा सम्पर्क गराइ पाउँ । यूनियनले मलाई जे सिकाएको छ, त्यस कुरालाई म अरू श्रमिक बीच फैलाउन चाहन्छु र संगठित गर्न चाहन्छु ।"

नेस्वकामयूको कार्यालय

माथि उल्लेखित कमजोरीहरूका पछाडि निम्न कारणहरू रहेका छन् :

**अस्थिरता**

मजदुरहरूमा रहेको अस्थिरताको कारणले गर्दा कतिपय प्रतिष्ठानमा सहभागीहरू अदल बदल भएका छन् भने कतिपय प्रतिष्ठानमा सहजकर्ताको अस्थिरताले कक्षा संचालन हुन सकिरहेको छैन । त्यस्तै उद्योगको अस्थिरता अर्को गम्भीर समस्या बनेको छ, जसको कारणले सुचारु रूपमा कक्षा संचालन भएको प्रतिष्ठानहरू वन्द भएकोले कक्षा पनि वन्द छ । भादगाउँ कार्पेट र हिमकर कार्पेट यसको उदाहरण हो । भोलानाथ, सेनेन, किर्तिपुर, सनम कार्पेट आंशिक रूपमा बन्द भएकाले मजदुरहरूले कारखाना परिवर्तन गर्न बाध्य भएका छन् ।

**सहजकर्ता छनौट**

सहजकर्ता छनौट गर्दा महिलालाई बढी प्राथमिकता दिइनु कक्षा संचालनमा समस्याको अर्को कारण बन्यो । हाम्रो क्षेत्रमा निरक्षरहरूको बढी संख्या महिलाहरूको रहेको छ। कतिपय सहजकर्ताहरू साक्षरता कक्षाबाट पढ्न लेख्न जान्ने भएका र उनीहरूले कक्षा संचालन गर्नु पर्दा उनीहरू आफैलाई पनि सहजकर्ताको भूमिका निर्वाह गर्न गाह्रो भएको महसुस गरियो । अर्को पितृसत्तात्मक संस्कारका कारण महिलाहरूमा अलि हिच्किचाउने बानी पनि यसको कारण बन्यो ।

**अशिक्षा र आत्मविश्वासको कमी**

साक्षर मात्र रहेका सहभागीहरूलाई शब्दहरूको उच्चारण गर्न र बुझ्न कठिन भयो । यस किसिमको शैक्षिक अभियानमा महिलाहरू सहजकर्ताको रूपमा पहिलो पटक सहभागी भएकोले महिलामा आत्मविश्वासको कमी रह्यो ।

**सुझावहरू**

स्टडी सर्कललाई जसरी नेस्वकामयूको नेतृत्वले आफ्नै कार्यक्रमको रूपमा महसुस गरी वार्षिक कार्य योजना अन्तर्गत पारी संचालन गऱ्यो । यस अभियानले यूनियन आन्दोलनमा सकारात्मक प्रभाव पारेको छ। त्यसैले यसलाई भावी दिनमा पनि निरन्तरता दिनु पर्दछ । आगामि दिनमा यस अभियानलाई प्रभावकारी बनाउन निम्न कुरामा ध्यान दिनु आवश्यक छ :

- कार्यक्रमलाई निरन्तरता दिनुपर्छ र सहजकर्तालाई समय समयमा पुनर्ताजगी तालिम दिनुपर्छ ।
- निरक्षर श्रमिकको संख्या बढी रहेको ठाउँमा आवश्यकता अनुसार प्रौढ कक्षाहरू संचालन गरिनुपर्दछ ।
- सबै सहभागीहरूलाई पाठ्य सामग्री उपलब्ध गराउनु पर्दछ । सामग्री सकेसम्म सरल हुनुपर्दछ । सामग्रीमा धेरे भन्दा धेरै चित्र र कार्टुनहरूको प्रयोग गरीनु पर्दछ ।

बोल्न डर लाग्थ्यो - अब यो कार्यक्रमले बोल्न सक्ने बनाएको छ ।

- हामी महिलाहरूले पनि यो पद्धतिबाट सिकेर धेरै साथीलाई सिकाउन सक्छौं भन्ने हौसला बढेको छ ।
- यसरी पनि यति सजिलै सिक्न र सिकाउन सकिने रहेछ भनेर सहजकर्ता र सहभागीमा नयाँ उत्साह र जाँगर पलाएको छ ।

**कार्यक्रम संचालनमा देखा परेका समस्याहरू**

- प्रतिष्ठानहरूमा हप्ताको सातै दिन र दिनको तीन शिफ्ट लगातार काम संचालन हुने हुँदा हप्ताको एक पटक कक्षा संचालन गर्न गाह्रो भएको छ ।
- जाडो याममा दिन छोटो हुने हुँदा छुट्टी अघि वा पछि दुई घण्टा कार्यक्रममा सहभागी भई महिलाहरूलाई घर पुग्न समस्या हुने हुँदा कक्षा नियमित हुन सकेन ।
- अधिकतम प्रतिष्ठानका यूनियनमा पुरुषहरू यूनियनको नेतृत्वमा रहेका र महिलाहरू चाहिँ सहजकर्ता भएकोले स्थानीय यूनियनबाट आवश्यक सहयोग हुन सकेन ।
- सहभागीहरू लेखपढ गर्न नजान्ने भएकोले बुझाउन र बुझ्न बढी समय लाग्ने, तोकिए बमोजिम कोर्स सकाउन भ्याइएन ।
- यूनियनद्वारा संचालन गरिएका यस्ता प्रशिक्षणप्रति व्यवस्थापकको नकारात्मक सोचाइ रहेकोले समस्या रह्यो ।

- सहजकर्ता यूनियन आन्दोलनका नयाँ सदस्य र सहभागी पुरानो र यूनियनको पदाधिकारी समेत रहेको हुँदा "यी नानीहरू" बाट के सिक्नु हामीले सबै जानेकै छौ नि भन्ने परम्परावादी सोचाइले कार्यक्रम सोचे जस्तो प्रभावकारी हुन सकेन ।
- सम्बन्धित क्षेत्रका यूनियनका इन्चार्ज र माथिल्लो कमिटीबाट कार्यक्रम चलाउने मामिलामा आवश्यक समन्वय र सहयोगमा कमी रह्यो ।
- जिफन्टको महिला मजदुर विभाग र स्टडी सर्कल सहजकर्ता बीच तालमेल नहुनाले अनुगमनको काम प्रभावकारी हुन सकेन ।
- सहजकर्ता र सहभागी बीच समयको तालमेल हुन नसक्दा योजना अनुसार कक्षा संचालन हुन सकेन ।

**अव म यो यातना सहेर बस्न सक्दिन**...

धेरै वर्ष अगाडि नविना श्रेष्ठको (नाम परिवर्तन गरिएको) विवाह भयो । शुरूका दिनमा श्रीमान र घरपरिवारसंग सम्बन्ध राम्रै थियो । तर विविध कारणले गर्दा विस्तारै सम्बन्ध विग्रन थाल्यो । उनी आफै कारखानामा काम गर्छिन् र आफ्नै कमाइमा बाँच्छिन् । तर पनि परिवारबाट सधैं अनेक किसिमका मानसिक र शारीरिक यातना खप्न बाध्य छिन् । घर छाडौं भने पनि माइतमा हेला होला, अनि समाजले के भन्ला ? भविष्यमा झनै "न समाउने हाँगो न टेक्ने धर्ती" भन्ने अवस्था होला भन्ने चिन्ताले उनी जति यातना खप्न परे पनि खप्छु भन्ने सोचेर बसेकी थिइन् ।

पोखरा नुडल्समा संचालन भएको स्टडी सर्कल कक्षामा उनी सहभागी हुन पुगिन् । छलफलको क्रममा उनले यूनियन के हो?, यूनियनको प्रकार र श्रमिकको अधिकारबारे सिकिन् । सिक्दै जाँदा उनी आफूलाई दिनदिनै बलियो हुँदै गएको महसुस गर्न पुगिन् । स्टडी सर्कल कक्षामा अनुगमन गर्न जाँदा आफूमा आएको परिवर्तनको कुरा गर्दै उनी भन्छिन्- "यूनियनका धेरै कुराहरु बुझ्ने मौका पाएँ । संगठित भइयो भने कम्तीमा आफ्ना पिर पोख्ने ठाउँ पनि हुने रहेछ र सहयोग ।"

स्टडी सर्कल कक्षामा ट्रेड यूनियनको आधारभूत ज्ञान पछि मुलुकी ऐनको एघारौं संशोधनले दिएका अधिकारहरूको बारेमा छलफल भयो । यसले नविनाको मानसिकता अझै उँचो पार्‍यो । आफ्नो जीवनमा आइपरेका दुःखपूर्ण कुराहरु सम्झँदै उनी भन्छिन् "अब म यो यातना सहेर बस्न सक्दिन । आखिर कानुनले नै महिलालाई आफ्नो अधिकार लिएर बस्ने व्यवस्था गरेको छ भने म यो पीडायुक्त जीवन कति बाँचुं ।" उनी भन्छिन् "आखिर आफ्नै दुःखमा बाँच्नु छ भने यातना मुक्त जीवन किन नबाँच्ने ? म यो कुरा अरूलाई पनि भन्छु । यति मात्रै कुरा पनि अरू पीडित दिदीबहिनीहरुलाई सिकाउन सके भने जीवनमा एउटा सार्थक काम हुनेछ ।"

पोखरामा भएको कुराकानीको आधारमा

**सुझावहरू**

- यो कार्यक्रम संचालन गर्न सहभागी छनौट, समय र स्थान चयन जस्ता कुरामा यूनियनले आवश्यक सहयोग र समन्वय गर्नु पर्दछ ।
- जिल्ला र प्रतिष्ठानका यूनियनका सदस्यहरूलाई पनि कार्यक्रममा सहभागी बनाइनु पर्दछ ।
- यस कार्यक्रमले जिफन्ट केन्द्र–अंचल–जिल्ला महिला मजदुर विभाग र कार्यक्रमका सहजकर्ता बीच तालमेल मिलाउनु पर्दछ ।
- यस कार्यक्रमलाई क्रमशः नयाँ क्षेत्रमा पनि विस्तार गर्दै लैजानु पर्दछ ।

## ३. नेपाल स्वतन्त्र टेक्सटाइल गार्मेण्ट मजदुर यूनियन

ट्रेड यूनियनबारे अध्ययन गर्ने यो पद्धति उपयुक्त छ । कार्यक्रम उपलब्धिमूलक भयो । यस कार्यक्रमलाई निरन्तरता दिनुपर्छ । कार्यक्रम उपलब्धिमूलक रहे पनि अझै प्रभावकारी बनाउनका लागि निम्न कुराहरूमा ध्यान दिनु आवश्यक छ ।

**कार्यक्रमका उपलब्धिहरू**

- सहभागी र सहजकर्ताहरूमा नयाँ गति र उत्साह पैदा भएको छ ।
- सहज ढंगले मानसिक चेतनाको वृद्धि हुने रहेछ ।
- समाजको रूपान्तरण र चेतना अभिवृद्धिको निम्ति ग्रमिण क्षेत्रमा पनि यो कार्यक्रम चलाउनु पर्ने रहेछ ।
- यूनियनको सदस्य भएर पनि यूनियन के हो र हाम्रो अधिकार के हो भन्ने बारेमा थाहा थिएन । यस कार्यक्रमले यूनियनबारे चेतना, ज्ञान र प्रतिबद्धता बढाएको छ ।
- ट्रेड यूनियनमा महिला नेतृत्व विकास गर्न सहयोग पुऱ्याएको छ ।
- महिलाले केही जान्दैनन् र केही गर्न सक्दैनन् भन्ने भ्रमलाई यस कार्यक्रमले चिरेको छ ।
- विगतमा आफ्नो परिचय दिनसम्म पनि आँट आउँदैनथ्यो । यो कार्यक्रमले उभिएर बोल्न सक्ने बनाएको छ ।
- आत्मविश्वास बढाएको छ ।

**समस्याहरू**

- लेखपढ गर्न नजान्नेको संख्या बढी भएकोले बुझ्न र बुझाउन गाह्रो भएको छ ।
- सहजकर्ता र सहभागीको समयको तालमेल मिलेको छैन ।
- स्थानीय यूनियनको नेतृत्वले गम्भीरतापूर्वक पहल गर्न सकेन ।

- प्रतिष्ठानहरू नियमित र सुचारु रूपले नचल्दा नियमिततामा अप्ठेरो परेको छ ।
- ज्यालादारी र पिसरेटमा काम गर्नेहरूलाई कार्यक्रममा उपस्थित गराउन नसक्ने समस्या यथावत छ ।
- यूनियन गतिविधिप्रति व्यवस्थापन पक्षको नकारात्मक सोचाइ रहेको छ ।
- यूनियन नेतृत्व कार्यक्रमबाट अलग रहँदा सहजकर्तालाई सहभागीले नटेर्ने प्रवृत्ति छ ।
- आफूभन्दा पुराना र पाका सहभागीलाई सिकाउन पर्दा सहजकर्तामा केही हदसम्म असहज भएको छ ।

**सुझाव**

- यूनियनको नेतृत्व तह यो कार्यक्रमप्रति गम्भीर हुनु पर्छ ।
- प्रतिष्ठान स्तरका कमिटीहरूलाई पनि यो कार्यक्रमबाट प्रशिक्षित गर्नु पर्छ । त्यसो नगर्ने हो भने कमिटीका अध्यक्ष वा सचिवले नै यो कार्यक्रम चलाउनु पर्छ ।

**मुलुकी ऐनले दिएको थप अधिकारले महिलाहरुको मनोबल बढाएको छ**

छोरीले पनि अंश पाउने भई रे भन्ने हल्ला त सुनिएको थियो तर सम्बन्ध विच्छेद गर्दा श्रीमतीले श्रीमानको अंशबाट आफ्नो अंश लिएर भिन्न हुन पाउँछिन् भन्ने कुरा थाहा थिएन । स्टडी सर्कल अभियान संचालन भएपछि छलफलको एउटा विषयको रूपमा मुलुकी ऐनले महिलालाई दिएका थप अधिकार पनि राखियो । यस विषयमा छलफल गरेपछि राममायालाई थाहा भयो कि शारीरिक मात्र होइन मानसिक रूपमा पनि पीडा दिइन्छ भने श्रीमतीले श्रीमानसंग आफ्नो अंश भाग लिएर सम्बन्ध विच्छेद गर्न पाउँछिन् र त्यसपछि उनले अर्को विवाह गरे पनि आफ्नो पहिलेको सम्पत्ति फिर्ता गर्न पर्दैन ।

यस कुरा थाहा पाइसकेपछि बुटवलकी राममायाको साहस बढ्यो । संगै काम गर्ने राधाले वर्षौदेखि श्रीमान र सासूबाट पाउँदै आएको दुर्व्यवहार सही नसक्नु भएको कुरा उनलाई थाहा थियो । राममाया राधाको सासू र श्रीमानलाई भेट्न घरैमा गइन् र कानुनले दिएको सबै अधिकारको व्याख्या गर्दै राधाप्रतिको व्यवहारमा परिवर्तन नगरेर युनियनले उनलाई सम्बन्ध विच्छेदको लागि उजुरी दिन सहयोग गर्ने र त्यसपछि उनलाई आधा अंश दिनु पर्ने कुराको जानकारी गराइन् । यी सब कुराहरु सुनेपछि राधाको श्रीमान र सासूको सोचाइमा मात्र होइन व्यवहार नै परिवर्तन आएको छ । हाल उनीप्रति परिवारको व्यवहार सकारात्मक बन्दै गएको छ । राधाको जीवनमा क्रमशः खुशी छाउन थालेको छ। यस घटनाले अरू महिलाहरूको समेत मनोवल बढेको छ ।

फागुन १७, २०५९ को नेस्वटेगामयूको भेलाबाट

- प्रशिक्षण सामग्रीमा सरल भाषा, शब्द र चित्रहरूको प्रयोग गरिनु पर्दछ।
- सहजकर्तालाई हरेक नयाँ विषय शुरू गर्नु पूर्व पुनर्ताजगी तलिम दिनु पर्दछ।

## ४. नेपाल स्वतन्त्र चिया मजदुर यूनियन

स्टडी सर्कलले हामीलाई धेरै कुरा सिकाएको छ। पहिला यूनियन भनेको पनि थाहा थिएन र यूनियनको कुरा गर्न कोही आए पनि हामी वास्तै गर्दैन थियौं। तर अहिले स्टडी सर्कल कक्षा संचालन गरेपछि सिक्ने उत्साह जागेको छ। हामी जस्ता पढ्न लेख्न नजान्नेका लागि त झन् यो तरिका असाध्यै उपयोगी र सजिलो हुँदो रहेछ। यसलाई निरन्तरता दिनु पर्छ र आउने दिनमा अहिले देखिएका कमजोरीलाई पनि हटाउनु पर्छ।

**उपलब्धि**

- ट्रेड यूनियन अधिकार, मजदुरको अधिकार र मौलिक मानव अधिकारबारे जानकारी भयो
- यूनियनबारे धेरै कुरा जानियो। हामी महिला पनि संगठित भए अधिकार पाइँदो रहेछ भन्ने थाहा भयो।
- यूनियनको सदस्य बढेका छन्, सदस्यता शुल्क नियमित उठ्न थालेको छ।
- पहिला पहिला नाम पनि भन्न डर लाग्थ्यो, अहिले बोल्ने आँट बढेको छ।
- सिक्ने सिकाउने इच्छा बढेको छ।

**कमजोरीहरू**

- किताब सबै सहभागीलाई पुगेन।
- धेरैजसो सहभागी निरक्षर भएकोले बुझाउन समय लाग्छ।
- सहभागीहरू नियमित आउन सक्दैनन्।
- सहजकर्ता आफै निरक्षर भएकोले कुरा बुझाउन गाह्रो पऱ्यो।

**सुझाव**

- किताबहरू सबैलाई दिनुपर्छ। किताबमा शब्दहरू सजिलो र अक्षर ठुलो हुनुपर्छ।
- पढ्न नजान्ने मजदुर धेरै छन्। पढाउनका लागि चित्र, पोस्टर, चित्रकथा जस्ता सामग्री भए पढ्ने र पढाउने दुवैलाई सजिलो हुन्थ्यो।
- सहजकर्तालाई समय-समयमा तालिम भइरहनु पर्छ।
- स्थानीय यूनियनले कक्षा संचालनमा सहयोग गर्नुपर्छ।
- साक्षरता कक्षा चलाउने व्यवस्था गरिनुपर्छ।

## ५ नेपाल स्वतन्त्र होटल मजदुर यूनियन

स्टडी सर्कल समग्रमा भन्दा प्रभावकारी विधि हो, तर होटल क्षेत्रमा धेरै प्रयत्नका वावजुद पनि यसलाई अपेक्षित रूपमा संचालन गर्न सकिएन। यसलाई संचालन गर्न नसक्नुका पछाडि होटलहरू बन्द हुँदै जानु, पर्यटनको अभावमा अधिकांश होटलहरू आंशिक रूपमा बन्द हुने र खुल्ने क्रम जारी रहनु, रोजगारी नै रहने हो वा होइन भन्ने जस्ता तनावले श्रमिकहरूलाई सताउनु आदि कारण प्रमुख रहन गए। यति हुँदाहुँदै पनि संचालन गरिएका केही कक्षाहरूको आधारमा पनि निम्न निचोड निकाल्न सकिन्छ।

**छोराछोरीलाई किताब पढ्न लगाएर कक्षा चलाउँछु**

चिया बगानका श्रमिकको जीवनमा अझै परिवर्तन आएको छैन। सामान्यतया उनीहरु चिया बगानमा जन्मन्छन्, त्यहीं हुर्कन्छन्, काम गर्छन् र त्यहीं नै जीवन लिला समाप्त गर्छन्। बाहिरी दुनियाको बारेमा पढ्ने, नयाँ कुरा जान्ने र बुझ्ने अवसर उनीहरूबाट अझै धेरै टाढा छ। तर अवसर पाउँदा आफ्नो क्षमताले भ्याएसम्म जानेको जति कुरा गर्ने साहस भने उनीहरुमा रहेकै छ। पार्वता राउत यसको एउटा उदाहरण मात्र हुन्।

जिफण्टले चिया बगानमा स्टडी सर्कल कक्षा संचालन गर्ने योजना बनायो। ज्यामिर गढी चिया बगानमा सबै श्रमिकहरू आदिवासी छन् र साक्षर मजदुर कोही रहेनछन्। अवसरबाट बंचित भएकाहरू बीचमा पुग्नुपर्छ भन्ने मान्यताकासाथ संचालन गरिएको यस अभियान अन्तर्गत झण्डै ४५ वर्षकी पार्वता राउतलाई सहजकर्ताको तालिम दिइयो। उनी आफै निरक्षर छिन्, तर अब उनले बगानका अरू श्रमिकलाई ट्रेड यूनियनको आधारभूत ज्ञानको बारे आफैले पढाउन पर्ने भयो। उनका लागि यो सजिलो काम थिएन। तर पनि उनले आफूले जानेका कुरा आफै सिकाउने, नजानेका कुरा अरू बगानका यूनियनका साथीसंग सोध्ने गर्न थालिन्। किताबमा लेखिएका नबुझिएका कुराहरु कक्षा ८ मा पढ्दै गरेका आफ्ना छोराछोरीलाई पढ्न लगाई आफूले सुन्ने र अनि अरूलाई बुझाउने गर्न थालिन्। अहिले बगानका श्रमिकहरू यूनियनबारे केही जान्ने भएका छन्। उनीहरु भन्छन् "साक्षरता कक्षा पनि चलाउन पाए हामी पनि जान्ने हुने थियौं"।

पार्वता गर्व गर्दै भन्छिन् "हुन त धेरै कुरा मैले बुझाउन सकिन, तर साथीहरू पहिला यूनियन र आफ्नो अधिकारबारे जान्ने भएका छन्। पढाउने कामलाई जारी राख्नुपर्छ। पढ्न जान्ने सहजकर्ता भइदिए धेरै सजिलो हुने थियो।"

पार्वता राउतबाट सिक्नुपर्छ "मानिसको इच्छाशक्ति, साहस र उत्साह भए हरेक समस्याको निकास निकाल्न सकिन्छ।"

फागुन १०, २०५९, नेस्वचिमयूको स्टडी सर्कल कक्षाको मूल्याङ्कन कार्यक्रम

**राम्रो पक्ष**

- थोरै समयको लगानीमा यूनियनका लागि दक्ष कार्यकर्ता निर्माण गर्न सकिने
- कार्यकर्तालाई निरन्तर रूपमा उर्जा थप्न र परिचालन गर्न सकिने
- सिक्ने र सिकाउने क्रम संगसंगै चल्ने हुँदा नेतृत्व विकासको प्रभावकारी तरिका ।

**समस्याहरू**

- पर्यटकको अभावमा होटलहरू बन्द हुनु
- कामको प्रकृति अनुसार शिफ्ट ड्युटी गर्नु पर्दा सहभागी बीच निरन्तरता दिन र समय मिलाउन नसक्नु
- घरायसी जिम्मेवारी र शिफ्ट ड्युटीको कारण कार्यक्रममा महिलालाई सहभागी गराउन थप समस्या

**सुझाव**

- कार्यक्रम संचालन गर्ने तरिका अति प्रभावकारी हुँदाहुँदै पनि होटल क्षेत्रको कामको प्रकृतिका कारण यस किसिमको अभियान संचालनको समय व्यवस्थापनमा केही परिवर्तन गर्न सकियो भने मात्रै यस क्षेत्रमा यो कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गर्न सकिने सम्भावना देखिन्छ ।

## स्टडी सर्कल अभियान
# निरन्तरताका लागि थप योजना

हाल संचालन भइरहेको स्टडी सर्कल अभियानलाई आगामी दिनमा पनि निरन्तरता दिनुपर्ने सहभागी यूनियनहरूको सुझावलाई ध्यान दिंदै २०६० सालमा पनि सम्भव हुने जति सबै प्रतिष्ठानमा यी कक्षाहरूलाई निरन्तरता दिने र आवश्यकता अनुसार नयाँ ठाउँमा थप कक्षाहरू संचालन गर्दै जाने योजना नेपाल ट्रेड यूनियन महासंघको रहेको छ। हालसम्म महासंघमा जानकारी भए अनुसार आठ वटा यूनियन अन्तर्गत २२५ वटा कक्षाहरू संचलान गर्ने योजना रहेको छ। यी मध्ये करिव ७५ वटा पुराना कक्षाहरू नै जारी रहने छन् भने बाँकी पुराना १५० वटा प्रतिष्ठानमा नयाँ कक्षाहरू संचालन गरिने छ। १२५ वटा कक्षाहरू महिला केन्द्रित रहनेछन् भने बाँकीमा पनि सकेसम्म बढी महिला सहभागी गराउने कुरामा जोड रहने छ।

| यूनियन | प्रतिष्ठान संख्या | महिला केन्द्रित |
|---|---|---|
| • नेस्वटेगामयू | ४० वटा | ३० वटा |
| • नेस्वकामयू | ३० वटा | २० वटा |
| • नेस्वखापेमयू | ४४ | २० वटा |
| • नेस्वचिमयू | ३० वटा (१० वटा बगानमा प्रौढ शिक्षाको आवश्यक छ) | ३० वटा |
| • नेस्वहोमयू | १० वटा (केही स्थानमा कार्यशालाको रूपमा संचालन गर्नुपर्ने आवश्यकता रहेको छ ) | |
| • नेस्वमयू | १७ वटा | १० वटा |
| • नेस्वसमयू | १० वटा नगर र टोलमा | १० वटा |
| • केमिकल–आइरन | ४० वटा | १० वटा |

अनुसूचीहरू

## नेपाल ट्रेड यूनियन महासंघ (जिफण्ट)
# स्टडी सर्कलः ट्रेड यूनियन शिक्षाको नयाँ अभियान
## (रेकर्ड फाराम)

**प्रतिष्ठानको नामः** **यूनियनः** **सहजकर्ताको नामः**

**छलफलको मूल विषय :**

| **सहभागीको नाम** | **सत्र/मिति** | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पहिलो ........ | दोस्रो ........ | तेस्रो ........ | चौथो ........ | पाँचौं ........ | छैटौ ........ | सातौं ........ |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |
| ६. | | | | | | | |
| ७. | | | | | | | |
| ८. | | | | | | | |
| ९. | | | | | | | |
| १०. | | | | | | | |
| ११. | | | | | | | |
| १२. | | | | | | | |
| | | | | | | | |
| छलफलको विषय | | | | | | | |
| अघिल्लो सत्रको विषयमा सहभागीको बुझाइ पुनस्मरणको आधारमा) | | | | | | | |

## नेपाल ट्रेड यूनियन महासंघ (जिफण्ट)

# स्टडी सर्कल : ट्रेड यूनियन शिक्षाको नयाँ अभियान

## (निरिक्षण फाराम)

**युनियन :** **निरिक्षण गर्ने व्यक्तिः**

| क्र.सं. | प्रतिष्ठानको नाम | निरिक्षण गरेको मिति | त्यस दिनको उपस्थिति | | सहजकर्ताको नाम | छलफलको विषय | कक्षा संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | | | | |
| १. | | | | | | | | |
| मूल्याङ्कन टिपोटः | | | | | | | | |
| २. | | | | | | | | |
| मूल्याङ्कन टिपोटः | | | | | | | | |
| ३. | | | | | | | | |
| मूल्याङ्कन टिपोटः | | | | | | | | |
| ४. | | | | | | | | |
| मूल्याङ्कन टिपोटः | | | | | | | | |
| ५. | | | | | | | | |
| मूल्याङ्कन टिपोटः | | | | | | | | |
| ६. | | | | | | | | |
| मूल्याङ्कन टिपोटः | | | | | | | | |
| ७. | | | | | | | | |
| मूल्याङ्कन टिपोटः | | | | | | | | |
| ८. | | | | | | | | |
| मूल्याङ्कन टिपोटः | | | | | | | | |
| ९. | | | | | | | | |
| मूल्याङ्कन टिपोटः | | | | | | | | |
| १०. | | | | | | | | |
| मूल्याङ्कन टिपोटः | | | | | | | | |